निश्चय नै यी दुवैलाई सजाय दिइँदैछ तर उनीहरू कुनै ठूलो पापको कारणले दण्डित भइरहेको छैनन्, (सजाय भोगीरहेका कारण यो हो कि) तिनीहरूमध्ये एक पिसाबबाट बच्दैनथ्यो र अर्कोले चुक्ली गर्थ्यो

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई चिहानहरूको नजिकबाट गुज्रनुभयो र भन्नुभयो: " निश्चय नै यी दुवैलाई सजाय दिइँदैछ तर उनीहरू कुनै ठूलो पापको कारणले दण्डित भइरहेको छैनन्, (सजाय भोगीरहेका कारण यो हो कि) तिनीहरूमध्ये एक पिसाबबाट बच्दैनथ्यो र अर्कोले चुक्ली गर्थ्यो ।" त्यसपछि उहाँले खजुरको एउटा ताजा हाँगा लिनुभयो र त्यसलाई दुइभागमा
च्यातेर प्रत्येक चिहानमा एक भाग गाड्नुभयो । साथीहरूले सोधे, हे अल्लाहका रसूल ! त्येस्तो किन गर्नुभएको ? उहाँले जवाफ दिनुभयो: "सायद यी दुई हाँगाहरू नओइलिएसम्म उनीहरूको पीडा हलुका हुनसक्छ ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई चिहानहरूको नजिकबाट गुज्रनुभयो र भन्नुभयो कि यी दुई कब्रमा भएका व्यक्तिहरूलाई सजाय दिइँदैछ।; तिमीहरूलाई सानो लाग्ने कुरा नै यसको कारण हो, तर त्यो अल्लाहको नजरमा ठूलो दोष हो। यी दुई मध्ये एक जनाले पिसाब गर्दा आफ्नो शरीर र कपडालाई पिसाबबाट जोगाउन ध्यान दिँदैनथ्यो । र अर्को व्यक्तिले मानिसहरूबीच चुक्ली लगाउने तथा अरूलाई हानि पुर्याउने र उनीहरूका बीचमा कलह र मनमुटाव उत्पन्न गर्ने उद्देश्यले अरूका कुराहरू फैलाउने गर्थ्यो।

http://www.sunnah.global/hadeeth/ne/show/3010